नेपाल सरकार
गृह मन्त्रालय
फोन नं. ०७१-५३५००७ प्र.शा.
फोन नं. ०७१-५३१००७ का.प्र.
Email: aaobutwal1@gmail.com

ईलाका प्रशासन कार्यालय

बुटवल, रुपन्देही

प.सं.:२०८३/०८४

E-Passport सम्बन्धी सूचना

बुटवल ईलाका प्रशासन कार्यालयबाट E-Passport को लागि बायोम्याट्रिक लिन फर्म भर्ने अवसर नपाएको भनि सेवाग्राहीहरुबाट प्राप्त गुनासो प्रति यस कार्यालयको ध्यान आकृष्ट भएको छ।

यस कार्यालयमा उपलब्ध जनशक्ति र स्रोत साधन अनुसार हाललाई दिनको १०० वटा अनलाइन आवेदन संकलन गर्न सक्ने गरी अनलाइन सटल खुल्ने गरेकोमा २०८३।०८।०१ गते देखि लागू हुने गरी कार्यालय खुलेको दिन विहानको (९:०० बजे देखि ९:३० बजे) समयमा ५० वटा सटल खुल्ला हुने विषय सूचित गर्न चाहन्छौं।

राहदानी विभाग सँग समन्वय गरी हालको क्षमतामा थप वृद्धि गर्ने प्रयास समेत भइरहेको छ। नेपाल राहदानी नियमावलीको पछिल्लो संशोधन अनुसार सेवा क्षेत्र/जिल्ला बाहिरका नागरिक समेतलाई राहदानी सेवा उपलब्ध गराइएको छ। पश्चिम नेपालको व्यापारिक एवं शैक्षिक महत्वपूर्ण प्रमुख विन्दुमा रहेको यस कार्यालयमा जिल्ला बाहिरका सेवाग्राहीको चाप बढ्न गई कार्यालयको कार्य क्षेत्र भित्रका व्यक्तिहरु राहदानी वनाउन अर्को जिल्लामा समेत पुग्नु परेको सूचना समेत प्राप्त भएका छन्।

यस कार्यालयको सेवा क्षेत्र भित्र (कञ्चन गा.पा.,सैनामैना न.पा., बुटवल उ.म.न.पा., तिलोत्तमा वडा नं.१ देखि ४ सम्म र देवदह वडा नं. १ देखि १० सम्म) स्थायी बसोवास गर्ने नागरिकहरुको गुनासोलाई संबोधन गर्ने गरी प्रत्येक दिन पहिलो आउने सेवाग्राहीलाई प्राथमिकतामा राखी ५० जना तत्काल राहदानी आवेदन भर्नुपर्ने सेवाग्राहीलाई तत्कालका लागि परिक्षणको रुपमा कार्यालयबाट अनलाइन फर्म भर्ने/अफलाइन सेवा दिने व्यवस्था मिति २०८३।०८।०१ गते बाट सुरु हुने भएकाले संबन्धित सवैमा यो सूचना प्रकाशन गरिएको छ।

श्रीनाथ पौडेल
उपसचिव